जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक १३ २०८२ साल साउन १६ गते शुक्रबार (1 Aug 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसमा सङ्कटसँगै बढ्यो ... ३ पृष्ठमा : सिरहाका किसानको ... ३ पृष्ठमा : रूससँगको सम्बन्धलाई ...

# बिक्री वा बैंकमा धितो राख्न नपाउँदा पाँच हजार भन्दा बढी पीडित उधोगी व्यवसायी र परिवार फेरी आन्दोलनमा

## उद्योग बाणिज्य संघद्वारा आन्दोलन परिचालनका लागी ५१ हजार सहयोग



**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

लालपूर्जा पाउने आशामा पुस्तौ देखी संघर्षरत ब्लक र बिटौरी जग्गामा बसोवास गर्दै आएका राजविराजका पाँच हजार भन्दा बढी पीडित परिवारले फेरी आन्दोलन चर्काउने भएका छन् ।

बिहीबार संघर्ष समितिका संयोजक इरसाद अन्सारी, वार्ता टोलीका सदस्य दिपेन्द्र चौधरी, जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिवनारायण साह, सप्तरी उद्योग बाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालसहितको अगुवाईमा बसेको बृहत भेलाले वर्षौदेखी लालपूर्जाको प्रतिक्षामा रहेका नगरबासीको उक्त माग पुरा गराउन आन्दोलनको विकल्प नरहेको ठहर गर्दै आन्दोलन चर्काउने निर्णय गरेको हो ।

यसअघि आन्दोलनका क्रममा गत फागुन १८ गते नगरपालिका, स्थानीय प्रशासन, सुरक्षा निकाय, नापी कार्यालय, मालपोत कार्यालय लगायतका सरोकारवाला निकायका प्रमुखको उपस्थितिमा भएको सहमति कार्यान्वयनमा ढिलाई भएको भन्दै बैठकले फेरी आन्दोलनमा जाने निर्णय गरेको राजविराज नगरवासी पीडित संघर्ष समितिका संयोजक अन्सारीले जानकारी दिए ।

"यसअघि सम्बन्धित निकाय र राजनीतिक दलका प्रतिनिधि समेत राखेर १५ दिनको समयसीमा तोकेर समाधान खोज्ने भनि भएको प्रतिबद्धता र सहमती नगरपालिका र स्थानीय प्रशासनबाट कार्यान्वयन हुन सकेन, "संघर्ष समितीका संयोजक अंसारीले भने- बाध्य भई फेरी आन्दोलनमा जाने निर्णय गरेका छौ ।" सप्तरी उधोग बाणिज्य सघले आन्दोलन परिचालन र व्यवस्थापनका लागी ५१ हजार रुपैया संघर्ष समितिको कोषमा जम्मा गरेको उनले जानकारी समेत दिए । बैठकले बार्ता समितिका सदस्य दिपेन्द्र चौधरीको संयोजकत्वमा ७ सदस्यीय आन्दोलन परिचालन उपसमिती तथा बिन्देश्वर प्रसाद साह "बिन्दी"को संयोजकत्वमा ७ सदस्यीय आर्थिक संकलन समिति समेत गठन गरेको छ ।

सप्तरी उधोग बाणिज्य संघका अध्यक्ष लालु प्रसाद अग्रवालले आर्थिक मन्दिको मार खेपीरहेका नगरका उधोगी व्यवसायीहरु ब्लक र बिटौरी जग्गाको लालपुर्जा पाउन नसक्दा थप मारमा परेको बताए । "जग्गा बापत नगरपालिकाबाट पाएको रसिदका आधारमा नगर स्थापना काल देखी नै बसोवास गर्दै आएका नगरवासी बिगतमा समस्या परेका बेला सोही रसिदमा उल्लेखित जग्गा बैंक तथा बित्तिय संस्थाामा धितो राखी ऋण कर्जा लिएर व्यपार व्यवसाय र अन्य समस्या समाधान गर्थे, उनले भने- हाल बिगत ८ बर्ष देखी सो सेवा सुबिधाबाट बन्चित गराइए पछि यहाँको ब्यापार व्यबसाय पनि चौपट बन्दै गएको छ ।"

उनले नगरको ब्लक, बिटैरी र सडक मापदण्ड लगायत जग्गाको लालपुर्जा लामो समय देखी बितरण नहुदा उधोगी व्यवसायी मारमा परेको, भाडाका कतिपय सटरहरु धमाधम खाली हुन थालेको, कतिपय व्यवसायीले आत्महत्या गरेको र धेरै उधोगी व्यवसायी पलायन भएको भन्दै माग पुरा नभए सम्म अब हुने आन्दोलन नरोकीने बताए । जिल्ला समन्वय समिति सप्तरीका प्रमुख शिव नारायण साहले २०१६ सालमा राजविराज नगरपालिका स्थापना भएको काल देखी नै नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँका करिब ७० विगहा क्षेत्रफलमा बसोवास गर्दै आएका ५ हजार २ सय परिवार जग्गाधनी पुर्जा पाउनबाट बन्चित रहेको भन्दै अब आन्दोलन चर्काउनुको विकल्प नरहेको बताए ।

यसअघि बजार बन्द, कालो झण्डा झुण्ड्याउने, नापी र नगरपालिका कार्यालयमा धर्ना र मुख्य चौकमा हस्ताक्षर अभियान चलाउदा पनि माग पुरा गर्ने आश्वासन बाहेक केही नपाइएको संघर्ष समितिका संयोजक अंसारीको भनाई छ ।

उनले अब हुने आन्दोलनका कार्यक्रम र स्वरुप फरक तथा थप सशक्त ढंगको हुने भन्दै २/३ दिन भित्रै आन्दोलनका नयाँ कार्यक्रम घोषणा हुने जानकारी

*बाँकी तीन पृष्ठमा*

# अपाङ्गता भएका ब्यक्तिका लागी १० बुंदे नीती तथा कार्यक्रम




**दैनिक समाचारदाता**
**राजविराज, १५ साउन ।**

अपाङ्गता भएका ब्यक्तीको हक, अधिकार, आत्मनिर्भरता, समानता, समावेशीता र सहज जीवनयापनका लागी सक्रिय एक संस्थाले आगामी आर्थिक वर्षका लागी थप नीती तथा कार्यक्रम ल्याएको छ ।

समावेशी अपाङ्ग संघ सप्तरीले विहीवार राजविराजमा आयोजना गरेको आफ्नो ८औं बार्षिक साधारण सभा तथा संस्थागत नीतीहरु अनुमोदन कार्यक्रममा यस्तो कार्यक्रम ल्याइएको जानकारी गराएको हो ।

कार्यक्रममा संघका अध्यक्ष सतिष चन्द्र झाले शारिरीक रुपमा अशक्त भएकाहरुको जीवन सहज, हक अधिकारको सुनिश्चितता तथा उनीहरुको संरक्षण र सम्बद्धनका लागी चालु आर्थिक वर्ष २०८२/०८३ मा १० बुंदे निती तथा कार्यक्रम कार्यान्वयनमा ल्याउन लागेको जानकारी दिए । उनका अनुसार अपाङ्गता भएका ब्यक्तीहरुको अधिकार, पहूँच र सेवा सुविधा बृद्धिका लागी जनचेतना र बकालत, क्षमता अभिबृद्धि र पुनःस्थापना, सुचना तथा प्रविधीमा पहूँच, बिपद जोखिम न्युनिकरण र तालिम तथा व्यवसाय र रोजगारी तालिम सम्बन्धी कार्यक्रम यस वर्ष संचालन हुनेछ ।

यस्तै महिला नेतृत्व बिकास आयमुलक तालिम, कार्यालय व्यवस्थापन र पहुँच योग्यता, जलवायु परिवर्तन र वातावरण नीती, अपाङ्गता सहायक समाग्री बितरण लगायतका कार्यक्रम पनि संस्थाले यस वर्ष संचालन गर्ने भएको छ ।

कार्यक्रममा शुभकामना दिदै बौद्धिक अपाङ्गता अभिभावक संघ

*बाँकी तीन पृष्ठमा*



